ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## सातौं राष्ट्रिय अधिवेशन

**१७, १८ र १९ चैत्र २०७४ । पोखरा, कास्की**

**प्रस्ताव क्रमाङ्क-१**

**"राष्ट्रको समृद्धिका लागि शिक्षाक्षेत्रमा सुधार आवश्यक"**

जन्मदेखि मुत्युपर्यन्त आवश्यक पर्ने ज्ञान नै शिक्षा हो । असल खराव छुट्याउन सक्ने विवेक प्रयोग गरी सहि निर्णय लिन सक्षम बनाउने, व्यक्तिको व्यवहारलाई अनुकरणीय र आदर्श बनाउने, मानवता र नैतिकताको प्रस्फुटन गराउने इच्छाअनुसारको प्रतिभा प्रस्फुटनमा टेवा पुर्‍याउने, समाज र राष्ट्रप्रति इमान्दार बनाउने, सामाजिक मूल्य र मान्यताप्रति श्रद्धाको भावना विकास गराउने र आफ्नो जीवनस्तरलाई सरल र सुव्यवस्थित बनाउने तथा आदर्श व्यक्तित्व निर्माण गर्ने प्रक्रिया शिक्षा हो । कुनै पनि राष्ट्रको सामाजिक, आर्थिक एवं राजनीतिक विकासको मूल आधार शिक्षा हो । त्यसैकारण राष्ट्रलाई समृद्धिको दिशातिर लैजान मूल्यमा आधारित, वैज्ञानिक व्यावसायिक, सीपमूलक, रोजगारीमूलक शिक्षाको आवश्यकता पर्छ । वर्तमान परिवेशलाई हेर्ने हो भने दिनप्रतिदिन शिक्षामा व्यापारीकरण बढिरेहेको छ । नेपालको पाठयक्रम वैदेशिक संस्थाहरूको प्रभावमा निर्माण भइरहेको छ । जसले गर्दा विदेश पलायनको सोच विकास भइरहेको छ । नेपालमा आवश्यक जनशक्ति निर्माण गर्ने, रोजगारमूलक, व्यावहारिक व्यावसायिक, पर्यटन, कृषि, जडिबुटि जस्ता बिषयहरूलाई शिक्षाक्षेत्रले समेट्न र तत् तत् शिक्षालाई प्रभावकारी बनाउन सकिरहेको छैन । तसर्थ नेपालले विश्व परिवेशमा शैक्षिक अवस्थालाई अझ सुदृढ र सुव्यवस्थित तुल्याउनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो सातौं राष्ट्रिय अधिवेशन नेपाल सरकार शिक्षा मन्त्रालय संग निम्नानुसारका मागहरू प्रस्तुत गर्दछ ।

- शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला शिक्षा समिति, स्रोतकेन्द्र, विद्यालय, विद्यालय व्यवस्थापन समितिको रूपमा सञ्चालित नेपालको शैक्षिक प्रशासन स्थानीय तहको निर्वाचन पश्चात् माध्यामिक तहसम्मको शिक्षा स्थानीय सरकारद्वारा सञ्चालन हुने प्रावधान राखिएको छ । दक्ष, तालिम प्राप्त प्रशासनिक ज्ञान एवं नेतृत्व सीप भएका व्यक्तिहरूको साटो भनसुन र राजनीतिक भागवण्डाको आधारमा कमजोर प्रशासनिक क्षमता भएका व्यक्तिलाई प्रशासनिक जिम्मा लगाउँदा शिक्षामा अपेक्षाकृत विकास हुन नसक्ने प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको ठम्याई हो । तसर्थ यस विषयलाई गम्भीर रूपमा लिइ नेपाल सरकारले शिक्षाक्षेत्रको उचित प्रशासनिक व्यवस्थापन गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो सातौं राष्ट्रिय अधिवेशन नेपाल सरकारसंग जोडदार माग गर्दछ ।

- कृषि प्रधान देशमा एक आर्थिक बर्षमा मात्रै ३९ अर्ब २ करोडको खाद्यान्न आयात भएको छ भने निर्यात जम्मा १ करोड ६३ लाख मूल्य बराबरको भएको छ । नेपालको कुल ६५.६ प्रतिशत जनसङ्ख्या कृषिमा निर्भर छ । नेपालको कुल ग्राहस्थ उत्पादनमा ३३ प्रतिशत योगदान कृषि क्षेत्रको छ । जहाँ कोही पनि निर्भर हुन तयार छैन तसर्थ नेपाल सरकारले कृषिमा क्रान्ति गर्न र नेपाललाई वास्तविक कृषि प्रदान देश बनाउनका लागि कृषकहरूको हित, सिचाई सुविधा, कृषि बिमा, बजार व्यवस्थापन, मल र बिउको उचित प्रबन्ध गरी कृषि पेसालाई आत्मसम्मानको पेसाको रूपमा विकास गरेर विदेशीने युवावर्गलाई स्वदेशमा आयआर्जनको वातावरण निर्माण गर्दै खाद्यान्न आयतलाई रोकी निर्यात गर्ने वातावरण निर्माण गर्न कृषि शिक्षालाई प्रभावकारी र व्यवस्थित बनाउँदै आर्थिक रूपमा सवल हुने नीति तथा कार्यक्रम ल्याउनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो सातौं राष्ट्रिय अधिवेशन नेपाल सरकारसंग जोडदार माग गर्दछ ।

- नेपालमा सात सय प्रजातिका जडिबुटिहरू औषधीको रूपमा प्रयोग हुँदै आएका छन् । सात हजार किसिमका फुल फुल्ने वनस्पति मध्य सात सय वनस्पति औषधीको रूपमा प्रयोग हुँदैछन् । औषधीको रूपमा प्रयोग हुने जडिबुटि मध्य सबैभन्दा धेरै कर्णाली क्षेत्रमा उत्पादन हुने भएता पनि लाभ लिन सकिएको छैन तसर्थ कर्णाली लगायत देशकै आर्थिक समृद्धिका लागि जनचेतना फैलाउन, जडिबुटिको खेती विस्तार गर्न, प्रदेशहरूमा कृषि तथा वन विज्ञान विश्व विद्यालयको पढाईलाई प्रारम्भ गर्न, आयुर्वेदिक औषधिका कम्पनीहरू स्थापना गर्न, नेपालका पाठ्यक्रममा जडिबुटि सम्बन्धी विषयलाई समावेश गर्न, योग शिक्षालाई पाठ्यक्रममा समावेश गरी व्यवहारमा लागू गर्न, प्रत्येक जिल्लामा जडिबुटि संकलन केन्द र प्रशोधन केन्दहरू स्थापना गरी युवाहरूलाई रोजगारीको

अवसरका साथै जडिबुटि निर्यात गरी वैदेशिक मुद्दा आर्जन गर्दै नेपाललाई समृद्धिको बाटोमा अगाडि बढाउनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो सातौं राष्ट्रिय अधिवेशन नेपाल सरकारसंग जोडदार माग गर्दछ ।

- सम्बधित पक्षलाई जानकारी नै नगराई २०७४ माघ ३ गते नेपाल सरकारले प्रदेशको अस्थाई राजधानी प्रदेश नं. १ पूर्वाञ्चल विश्वविद्यालय गोठगाँउको भवन र ३५० विघा जग्गा, प्रदेश नं. ३ का लागि शिक्षा विभागको भवन सानोठिमी र प्रदेश नं. न ६ को प्रदेश कार्यालयका लागि शैक्षिक तालिम केन्द्र सुर्खेतको भवन यसरी शिक्षाको सम्पति प्रदेश सरकार सञ्चानका नाममा एउटा स्वायत्त संस्थाको सम्पति प्रयोग गर्नु किमार्थ उचित होइन तसर्थ स्थानीय राजधानी तय गर्दा यो विषय लाई गम्भीरताका साथ लिइ तिनै प्रदेशको राजधानीको उपयुक्त स्थानको व्यवस्था गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो सातौं राष्ट्रिय अधिवेशन नेपाल सरकारसंग जोडदार माग गर्दछ ।

- शिक्षाजस्तो महत्वपूर्ण क्षेत्रमा विगत १० वर्ष देखि शिक्षामा राज्यले लगानी घटाउँदै छ । आर्थिक वर्ष २०६४/०६५ मा कुल बजेटको १६.८ प्रतिशत छुट्याएको थियो त्यसलाइ विस्तारै घटाउँदै आर्थिक वर्ष २०७४/०७५ मा ९.९१ प्रतिशतमा झऱ्यो । अन्य मुलुकहरूले शिक्षामा प्रति बर्ष लगानी बढाइ रहेका छन् भने हाम्रो मुलुकमा अधिकांश बजेट तलब भत्तामा नै खर्च हुने गरेको छ । भूकम्पले क्षति गरेका विद्यालयका भौतिक संरचनाहरू निर्माण हुन सकेका छैनन् । पूर्वाधार विकासका लागि पर्याप्त बजेट छैन यस्ता विविध समस्याले ग्रसित हाम्रो शिक्षाक्षेत्र उकालो लाग्ने अवस्थामा छैन तसर्थ प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो सातौं राष्ट्रिय अधिवेशन नेपाल सरकारसंग आगामी आर्थिक वर्ष देखि शिक्षाक्षेत्रमा प्रतिवर्ष लगानी बढाउन, भौतिक विकास एवं अनुसन्धानका लागि पनि प्रयाप्त बजेटको व्यवस्था गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो सातौं राष्ट्रिय अधिवेशन नेपाल सरकारसंग जोडदार माग गर्दछ ।

- देशभरका शैक्षिक संस्थाहरू कमजोर बन्न नदिन, नेपालका सबै विश्वविद्यालयहरूमा अनावश्क चरम राजनीतिकरणको अन्त्य गर्न, विश्वविद्यालयका विभिन्न आंगिक क्याम्पसहरूमा कार्यरत अधिकांश प्राध्यापकहरू निजि क्याम्पसहरू खोल्ने र अध्यापन गराउने प्रवृतिको अन्त्य गर्न, अनिवार्य रूपमा सबै विश्वविद्यालयहरूमा शैक्षिक क्यालेण्डर निर्माण गरी उक्त क्यालेन्डरलाई लागू गर्न, राजनीतिक भागबण्डाका आधारमा विश्वविद्यालय पदाधिकारी एवं क्याम्पस प्रमुखहरू नियुक्त गर्ने परिपाटि अन्त्य गरी प्राज्ञिक मूल्य र मान्यतामा रहेर मर्यादित ढङ्गबाट शैक्षिक कियाकलाप सम्पादन गर्ने संस्कृतिको विकास गर्न र खुल्ला विश्वविद्यालयलाई प्रभावकारी ढंगले सञ्चालन गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो सातौं राष्ट्रिय अधिवेशन नेपाल सरकार, विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालय प्रशासनसंग जोडदार माग गर्दछ ।

- यस वर्ष पुनः त्रिभुवन विश्वविद्यालयले देशभर सेमेस्टर प्रणाली लागू गऱ्यो सेमेस्टर प्रणाली लागू गर्नु राम्रो हुँदा हुँदै पनि देशका समग्रक्षेत्रको बारेमा चिन्तन नै नगरी गरिएको निर्णयले कर्णाली लगायतका दुर्गम क्षेत्रको शिक्षामा कस्तो प्रभाव पार्ने हो त्यसको पूर्वानुमान कसैले गरेको देखिँदैन । दुर्गम क्षेत्रको शैक्षिक, आर्थिक, भौगालिक एवं भौतिक अवस्थालाई मध्यनजर गर्दै सो क्षेत्रमा सेमेष्टर प्रणालीलाई प्रभावकारी र उचित व्यवस्थापनका लागि सो क्षेत्रका कर्मचारी, प्राध्यापकहरूलाई आवश्यक तालिम प्रदान गर्न र दुर्गम क्षेत्रको शिक्षाका लागि विशेष योजना तय गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो सातौं राष्ट्रिय अधिवेशन विश्वविद्यालय प्रशासनसंग जोडदार माग गर्दछ ।

- नेपालमा भएको सांस्कृतिक एवं प्राकृतिक पर्यटनको अवसरलाई दृष्टिगत गर्दै विभिन्न तहका पाठ्कममा पर्यटन शिक्षा सम्बन्धी विषय विशेष रूपमा समावेश गरी नेपालमा पर्यटन प्रबर्द्धनमा हजारौं युवालाई रोजगारीको वातावरण सिर्जना गर्ने नीति तय गर्दै यथाशीघ्र पर्यटन शिक्षाका लागि आवश्यक वातावरण निर्माणका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो सातौं राष्ट्रिय अधिवेशन नेपाल सरकारसंग जोडदार माग गर्दछ ।

- शिक्षा ऐनको नवौं संशोधनले समग्र शिक्षाक्षेत्रको हित गर्न नसकेकाले यस्तो शिक्षा ऐनको नवौ संसोधन तुरुन्त खारेज गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको सातौं राष्ट्रिय अधिवेशन शिक्षा मन्त्रालय समक्ष जोडदार माग गर्दछ ।

नेपाल आमाको-जय !

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

# सातौं राष्ट्रिय अधिवेशन

१७, १८ र १९ चैत्र २०७४ । पोखरा, कास्की

## प्रस्ताव क्रमांक-२

## देशको वर्तमान परिदृश्य

गत फाल्गुन २८ गते बंगलादेशबाट नेपाल आउँदै गरेको युएस-बंगला विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटना भई ४९ जनाको मृत्यु र २२ घाइते भएको घटना, बाग्लुङ्मा बस दुर्घटना भई ८ जनाको मृत्यु आदि दिनहुँ केही न केही घटनाहरू भइरहेका छन् । विगतमा भएका विभिन्न दुर्घाटनाबाट मृत्यु हुने सम्पूर्णमा प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो सातौं राष्ट्रिय अधिवेशनमार्फत् हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । संविधानको कार्यान्वयसँगै स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाको चुनाव शान्तिपूर्ण र प्रभावकारी रूपमा सम्पन्न गर्नका लागि नेपाल सरकार, निर्वाचन आयोग, संचारमाध्यम, सुरक्षाकर्मी तथा सामाजिक संस्था लगायत सम्पूर्ण आम मतदाताले निर्वाह गरेको महत्वपूर्ण भूमिका प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

समाजमा बालबालिकाहरूको मनोभावनामा प्रभाव पार्ने गरी विभिन्न प्रकारका दूर्व्यवहार, बालश्रम, बालविवाह जस्ता विकृतिले जरो गाडेको छ । त्यसैले सरकारलाई बालबालिका अधिकार संरक्षण सम्बन्धी बनाइएका कानुनको प्रभावकारी कार्यान्वयनका लागि विद्यार्थी परिषद्, सरकारसमक्ष अनुरोध गर्दछ । केही दिन अगाडि कैलालीको घोडाघोडी नगरपालिका-५ मा राधा चौधरीलाई बोक्सीको आरोपमा ६ घण्टासम्म निर्घात रूपमा कुटपिट गरी अमानवीय तरिकाले यातना दिँदा पनि जनप्रतिनिधिले मेलमिलाप गर्नु, धनुषा महानगरीय ७ की १४ वर्षीय स्नेहा कुमारी यादवलाई आफ्नै बाबुको चरम यातनाका कारण मृत्यु हुनु, सुर्खेतमा ट्राफिक प्रहरीद्वारा एस. इ. इ परीक्षार्थी छात्रा माथि भएका दूर्व्यवहार एवं हत्याका घटनाले महिला सुरक्षा माथि पुनः प्रश्न चिन्ह खडा भएको छ । यस्ता निन्दनीय घटनाहरूप्रति परिषद्को सातौं राष्ट्रिय अधिवेशन खेद प्रकट गर्दछ साथै दोषीलाई कडा भन्दा कडा कारबाही गर्नका लागि एवं महिला सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउनका लागि नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

नेपालको राजनीतिक इतिहासमा एक नयाँ अध्यायको प्रारम्भ भएको छ । विभिन्न प्रतिकूलताहरूलाई सामना गरी राष्ट्रले नयाँ संविधान प्राप्त गरेको छ । संविधान कार्यान्वयन कै क्रममा स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भयो । निर्वाचन सम्पन्न भएको एक वर्ष बितिसक्दा पनि स्थानीय तहमा संरचना, कार्यालय व्यवस्थापन र काम र कर्तव्यको बोध हुन नसक्दा स्थानीयतहबाट जनताले अपेक्षा गरेका सुविधाहरू प्राप्त गर्न सकिरहेका छैनन् । जसले गर्दा जनप्रतिनिधिहरू नै निरूत्साहित भइरहेका उदाहरण देखिँदैछन् । सरकारी संयन्त्रहरू कमजोर, निरीह एवं भ्रष्ट्राचारयुक्त हुनु, आपराधिक गतिविधिहरू तीव्र हुँदै जानु, गलत गतिविधिलाई राजनीतिक दल एवं सरकारले नै संरक्षण गर्नु, राष्ट्रिय स्रोत साधनहरूको उचित प्रयोग नहुनु, राष्ट्रिय गौरवका आयोजनाहरू अलपत्र हुनु, वैदेशिक संघ-संस्थाहरू सरकारमाथि हावी हुनु र सामाजिक सद्भाव खलबल गर्ने राष्ट्र विरोधी एवं आतङ्क सिर्जना गरी समाज र राष्ट्रलाई भयभित बनाउन र अराष्ट्रिय तत्वहरूको सक्रियता बढ्नु, स्थानिय तहमा भ्रष्ट्राचारको केन्द्र बन्नु र अर्थबजारमा जाली नोटले भयवित बनाउनु जस्ता गतिविधि चलिरहँदा सरकारले रोक्ने खाले गतिविधिहरू प्रभावकारी ढंगले नगरेकोप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो सातौं राष्ट्रिय अधिवेशन उक्त घटनाहरू प्रति गम्भीर आपत्ति प्रकट गर्दै सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

२०७२ भदौ ७ गते कैलालीमा भएको थारुहट आन्दोलनका क्रममा एस.एस.पी सहित ७ जना सुरक्षाकर्मीको हत्या भएको थियो सो घटनाको मुख्य आरोपी रमेश चौधरी भूमिगत रूपमा कैलाली १ बाट प्रतिनिधिसभाको निर्वाचनमा उम्मेद्वारी दिइ निर्वाचित समेत भए । लामो समय भूमिगत भएका उनले १४ फाल्गुन कैलाली जिल्ला अदालत समक्ष आत्म सर्मपण गरेका थिए । अदालतको आदेशमा पूर्पक्षका लागि थुनामा राखिएका व्यक्तिले प्राप्त गरेको जनमत गैरकानुनी कार्य छोप्ने राजनीतिक आवरण बन्नु हुँदैन । कतर्व्य ज्यान, ज्यान मार्ने उद्योग, डाका चोरी मुद्दा लागेको व्यक्तिको सत्य तथ्य छानविन गरी दोषीलाई कडा भन्दा कडा कारबाही गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद् नेपालको सातौं राष्ट्रिय अधिवेशन नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

नेपालको संविधानमा उल्लेखित समावेशी समानुपातिक सिद्धान्त र त्यसले तय गरेको मापदण्डबारे युरोपियन युनियनले निर्वाचन पर्यवेक्षण प्रतिवेदन मार्फत् हाल व्यक्त गरेको विचार प्रदेशसभा र संघीय संसद्मा समानुपातिकतर्फ जनसंख्याको आधारमा प्रतिनिधित्व गराउने प्रावधान र खस आर्य आरक्षण संविधानबाट हटाउन इयूले दिएको सुझावको विद्यार्थी परिषद् घोर भर्त्सना गर्दछ । यसरी नेपालको आन्तरिक मामिलामा चलखेल र हस्तक्षेप गर्ने दातृ निकायलाई सुक्ष्म ढंगले अध्ययन गरी आगामी दिनमा होशियार रहँदै विदेशी हस्तक्षेपलाइ स्वीकार नगर्न र नेपाल सरकारले रि एक्टिभ कुटनीतिक नभई प्रो एक्टिभ नीति अपनाउन र तुरुन्त इयुको निर्वाचन पर्यवेक्षण प्रतिवेदन सञ्चाउन लगाउनका लागि नेपाल सरकार, निर्वाचन आयोग र कुटनीतिक निकायहरूलाई प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो सातौं राष्ट्रिय अधिवेशन जोडदार माग गर्दछ ।

स्वतन्त्र न्यायालयको अवधारणालाई नै धरासायी पार्न खोजेको पराजुली प्रकरणले भागबण्डाको राजनीतिवाट झाङ्गिएको विकृतिलाई एकमुष्ट रूपमा सतहमा ल्याइदिएको छ । न्यायालयमा अहिले देखिएको संकटमा राजनीतिक नेतृत्व र संवैधानिक परिषद्को गैरजिम्मेवारी स्पष्ट देखिएको छ । ३० फाल्गुन, २०७४ मा प्रधानन्यायाधीशका सचिव नृपध्वज निरौलाले २१ साउन २०७४ मै पद मुक्त भएको पत्र थमाए पछि स्वतः पद मुक्त भएका प्रधानन्यायाधीश गोपाल पराजुलीले १ चैत्र, २०७४ मा राष्ट्रपति विद्यादेवि भण्डारीलाई भेटेर राजीनामा दिए । लोकतन्त्र र विधिको शासनका लागि स्वतन्त्र र सबल न्यायपालिका नभइ हुँदैन । यसका लागि सरकारले प्रधानन्यायाधीश, न्यायाधीश न्यायपरिषद्मा राजनीतिक भागवण्डामा अन्त्य गरी कार्य कुशलता, कार्य क्षमता उत्तरदायित्व वहन गर्न सक्ने क्षमता र नेतृत्व गर्न सक्ने क्षमताका आधारमा नियुक्त गर्ने वातावरण सिर्जना गर्न न्यायालयलाई मर्यादित र आम नेपाली जनताहरूले विश्वास गर्ने वातावरण वनाउनका लागि प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो सातौं राष्ट्रिय अधिवेशन नेपाल सरकार तथा सम्बन्धित निकायसमक्ष जोडदार माग गर्दछ ।

संघीयता भनेको राज्य सञ्चालन सम्बन्धी संयन्त्र हो । यो साधन हो, साध्य होइन र यसको सकारात्मक पक्ष आफ्नो ठाउँ आफै बनाउँ हो । तर राजनीतिक दूर्व्यवहारले गर्दा राज्यको विभिन्न तहहरूबीच राजनीतिक सत्ता र अधिकारको समुचित बाँडफाँडको सम्झौता गरिएको देखिन्छ । त्यसैले संघीयता नेपालको लागि एउटा अवसर र चुनौतीको रूपमा रहेकोले सबैले इमान्दारिता पूर्वक कार्यान्वयनमा ध्यान दिनको लागि परिषद्को यो सातौं राष्ट्रिय अधिवेशन, नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

राष्ट्रिय जनावरको रूपमा संविधानमा उल्लेख गरिएको गाईलाई अपमान हुने गरी सरकारका जिम्मेवार तह र निकायबाट नै आइरहेका गैर-जिम्मेवारपूर्ण अभिव्यक्ति प्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको सातौँ राष्ट्रिय अधिवेशन नेपाल सरकारको गम्भीर ध्यानाकार्षण गराउँदछ साथै त्यस्ता अभिव्यक्ति दिई सामाजिक एवं सांस्कृतिक सद्भाव बिर्गान खोज्ने जो कोही लाई पनि कानुनी दायरामा ल्याउनका लागि जोडदार माग गर्दछ ।

देशको सीमा सुरक्षा कुनै पनि देशको लागि प्रमुख चासोको विषय हो । नेपालमा लामो समय देखि सिमा सम्बन्धका विषयहरूले सबै नेपाली जनतालाई संशङ्कित बनाइरहेको हामीले अनुभूति गरेका छौँ । भारत र चीन दुवै देशको सिमा सम्बन्धी नेपाल सरकारले दुवै देशका सम्बन्धित निकायसँग वार्ता र अध्ययन गरी सीमा विवादलाई सधैँका लागि निराकरण गर्न विद्यार्थी परिषद् सरकारसँग जोडदार माग गर्दछ ।

भूकम्प गएको दुइ वर्ष बितिसक्दा पनि भूकम्प प्रभावित जनताहरूलाई उचित व्यवस्थापन गर्न नसक्नु सरकारको पूर्णतया कमजोरी र गैर-जिम्मेवारीपन देखिएकाले यसमा विद्यार्थी परिषद् सरकारको ध्यानाकर्षण गर्दछ । भूकम्प प्रभावित नागरिकहरूको उचित आवश्यक व्यवस्थापन गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो सातौँ राष्ट्रिय अविधेशन सकारसमक्ष आग्रह गर्दछ । नागरिकको तर्फबाट भूकम्प पीडितको सहयोगार्थ धुर्मुस सुन्तली, जनजाति कल्याण आश्रम नेपाल लगायतका संस्थाहरूले गरेको स्वःस्फूर्त प्रयासको प्राज्ञिक विद्यार्थी परिषद् नेपाल मुक्त कण्ठले प्रसंशा गर्दछ ।